नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५८ २०८२ साल जेठ ३ गते शनिबार (17 May 2025 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : सगरमाथा संवाद : जलवायु ... ३ पृष्ठमा : जलवायु संकट समाधानमा ... ३ पृष्ठमा : गाजामा अब क्यान्सरको ...

## अनुमति नलिईं संचालनमा रहेका थप पाँच विद्यालय फेला



**दैनिक समाचारदाता**
**राजविराज, २ जेठ।**

सप्तरीमा अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा संचालन गर्ने थप पाँच विद्यालय फेला परेको छ। योसँगै जिल्लामा अनुमति नलिई विद्यालय संचालनको संख्या १३ पुगेको छ।

गत आइतबारदेखी सुरु भएको अनुगमनका क्रममा शुक्रबार थप पाँच विद्यालय अनुमति नलिई संचालनमा रहेको फेला परेको हो।

शुक्रवार अनुगमन टोलीद्वारा राजविराजका विभिन्न विद्यालयमा अनुगमन गर्दा अनुमति नै नलिई संचालनमा रहेका पाँचवटा विद्यालय फेला परेको जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिए।

उच्च अदातलत जनकपुर राजविराज इजलासले अनुमति विनाको थप कक्षा संचालन नगर्न नगराउन गत बैशाख १९ मा आदेश दिएपछि जिल्ला शिक्षा समन्वय इकाईले बैशाख २८ बाट विद्यालयहरुको स्थलगत निरिक्षण तथा अनुगमन गर्दै आएको छ।

निरिक्षणका क्रममा राजविराजस्थित मिथिला पब्लिक एकेडमीले ९ कक्षाको अनुमति लिएर १० कक्षा सम्म विद्यार्थी भर्ना गरि पठन पाठन गराई रहेको, श्री इन्टरनेशनल बोडिङ्ग स्कूलले ५ कक्षा सम्मको अनुमति लिएर ८ कक्षा सम्म सञ्चालन गरिरहेको पाइएको टोलीमा सहभागि सत्यनारायण दासले जानकारी दिए।

यसैगरि सुनगाभा एकेडमीले १ कक्षाको अनुमति लिएर २ कक्षा संचालन गरेको, ग्लोबल ईंगलिस बोडिङ्ग स्कूलले ८ कक्षाको अनुमति लिएर ९ कक्षा सम्म संचालन गरेको र जे. एस.आईदर बोडिङ्ग स्कूलले ५ कक्षाको अनुमति लिएर १० कक्षा सम्म संचालन गरेको पाईएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिए।

अघिल्लो दिन बिहीबार अनुगमनका क्रममा विष्णुपुर गाउँपालिकामा नेपाल लाईन्स पब्लिक स्कूलले प्रारम्भिक बालबिकासको अनुमति लिएर कक्षा ५ सम्म संचालन गरिरहेको पाईएको थियो।

यसअघि सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा ६ वटा तथा कञ्चनरुप नगरपालिकामा २ गरि ८ वटा निजी विद्यालयहरुले अनुमति नलिएर कक्षा संचालन गरेको पाइएको थियो।

अनुमित नलिएर कक्षा सञ्चालन गर्दै आएको त्यस्ता विद्यालयहरुलाई अनुमति लिएर मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिए।

## न्याय खोज्दा निर्घात कुटपीट गरिएको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, २ जेठ।**

मिटरव्याजी सम्बन्धी निवेदनको विषयलाई लिएर सप्तरीको रुपनी गाँपालिका ३ मकरी टोलका सुरेन्द्र कुमार रामलाई निर्घात कुटपीट गरिएको आरोप लगाइएको छ।

शुक्रबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनका वुवा रुन्दीलाल रामले यस्तो आरोप लगाएका हुन्।

शम्भुनाथ नगरपालिका ४ का अजय साहले सुरेन्द्रलाई कुटपिट गरेकोले कडा कारवाही गर्न माग गरिएको छ। तीन दिन अघि जग्गा विवाद तथा अजय साह विरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरी दिइएको सुरेन्द्रका बुबा रुन्दीलालले बताए।

उनले आफ्नो जग्गा हडप्ने नियतले अजयको नेतृत्वका आएका एक समुहले छोरालाई निर्घात कुटपीट गरी घाईते बनाएको भन्दै दोषीलाई अविलम्ब पक्राउ गरी कानुनी कारवाही गर्नू पर्ने माग गरे। उनले छोरालाई मरनासन्न हुने गरी कुटपीट गर्नेहरु विरुद्ध अघिल्लो दिन विहीवार जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको जानकारी समेत गराए। उनले समस्या पर्दा गाउँ कै साहु लिलादेवी नजिक आफनो जग्गा धितो राखी २०७२ सालमा ९ लाख रुपैया ऋण लिएको सुनाए। जग्गा पास गराएर ४ कट्ठा जग्गा धितो राखी उठाएको ऋण मध्ये पटक/पटक गरी ९ लाख ३४ हजार ५ सय रुपैया बुझाउँदा पनी जग्गा फिर्ता न गरेको तथा उक्त जग्गा अजय साहलाई बेचिएको थाहा पाएपछि विवाद सूरु भएको उनको भनाई छ।

यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उनीहरु विरुद्ध अनुचित लेनदेन सम्बन्धि निवेदन दिएपछि आक्रोशित भई आफुमाथी

*बाँकी अन्तिम पृष्ठमा*

## मधेस प्रदेशमा जीवन बिमाबाट ११ अर्ब १६ करोड संकलन

**दैनिक समाचारदाता**
**पर्सा, २ जेठ।**

नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा जीवन बिमा शुल्कबापत रु ११ अर्ब १६ करोड ७९ लाख रकम सङ्कलन गरेको छ।

उक्त कार्यालयले गत वर्ष जीवन बिमा शुल्कतर्फ भने रु १४ अर्ब एक करोड २८ लाख सङ्कलन गरेको थियो।

उक्त कार्यालयकी प्रमुख प्रीति देवले चालु आवको नौ महिनामा ८६ हजार ६७० ले जीवन बिमा गरेका बताए। कार्यालयले सोही अवधिमा रु दुई अर्ब ५४ करोड ६० लाख दाबी भुक्तानी गरेको छ। अझै रु ३९ करोड ६४ लाख दाबी भुक्तानी गर्न बाँकी रहेको उहाँले जानकारी दिए।

प्राधिकरणले जीवन बिमातर्फ सातवटै प्रदेशबाट चैत मसान्तसम्म रु एक खर्ब २७ अर्ब तीन करोड शुल्क सङ्कलन भएको छ।

## वाइसिएल सप्तरीमा यादव चयन

**दैनिक समाचारदाता**
**राजविराज, २ जेठ।**

योङ कम्युनिष्ट लिग ( वाइसिएल) नेपालको सप्तरी जिल्लाको अध्यक्षमा योगेन्द्र यादव (छोटु) चयन भएका छन्।

नेकपा (माओवादी केन्द्र) निकट वाइसिएल नेपालको शुक्रवार जिल्ला अधिवेशनले यादव अध्यक्षको नेतृत्वमा २५ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत चयन गरेको छ।

नवसमितिमा कृष्णानन्द यादव, कृष्णकुमार यादव, रमेश राम, सरोज यादव, निरज यादव, रोहित दास, विजय राम, भोला राम, पप्पु राम, विनोद मेहता, अजय मेहता, राधेश्याम यादव, लालदेव पण्डित लगायत छन्।

यस्तै, कार्यक्रममा वाइसिएल नेपालको केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज सुभाशचन्द्र यादव, माओवादी केन्द्रका पुर्वप्रदेश कमिटी सदस्य छेदी रजक (विमल), माओवादी केन्द्रका राजविराज नगरपालिका संयोजक फन्नालाल थादव, वाइसिएल नेपालको पुर्व जिल्ला अध्यक्ष विनोद यादव, पत्रकार देवराम यादवलगायत पार्टी तथा जनवर्गीय सङ्गठनका विभिन्न तहका नेतृत्वहरूको उपस्थिति रहेको थियो।

यही जेठ २ गते प्रदेश अधिवेशन गर्ने तयारी स्वरूप जिल्ला स्तरीय अधिवेशन सम्पन्न गरेको वाइसिएलका जिल्ला अध्यक्ष यादवले जानकारी दिए।

हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी कसेर बाधौं।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विद्यालयको अनुमति दिँदा अनुगमन पनि आवश्यक

स्थानीय पालिकाले अहिले स्थनीय स्तरमै शिक्षा, स्वास्थ्य, विभिन्न सहकारी संस्था, गैसस लगायतलाई अनुमती दिने गर्दछ । संघीयता लागु भएपछी मुलुकमा ती सबै संघसंस्थाहरुको अनुमति दिने प्रावधान स्थानिय पालिकाकै मातहतमा रहेको छ । अहिले स्थानीय पालिकाले हचुवाको तालमा अनुमती दिँदा विकृती बढ्न थालेको छ ।

स्थलगत अनुगमन र निरिक्षण नै नगरि दिइने अनुमतीले गर्दा अहिले विकृती बढ्दै गएको हो । विगतमा शिक्षा, स्वास्थ्य तथा सहकारी संस्थालाई अनुमती मातहतका कार्यालयले दिने गरेका थिए । ती निकायलाई अनुगमन तथा निरिक्षण गर्ने अधिकार समेत थियो । हुन त स्थानिय पालिकालाई यस्ता कार्यालयमाथी निगरानी गर्न सजिलो हुने दृष्टिकोणले जिम्मेवारी दिइएको हो । तर, अहिले उक्त अधिकारको निकै दुरुपयोग भएको पाइएको छ । जसले गर्दा विकृती पनि उत्तिकै बढेर गएको छ । स्थानिय पालिकामा अनुमती दिन सम्बन्धीत विषयको विज्ञ हुनु आवश्यक छ । तर, कुनै पनि पालिकामा यसको व्यवस्था गरेको देखिदैन् । त्यस्तै कतिपय विद्यालयको भौतिक संरचना नहुनु, शैक्षिक वातावरण समेत नरहेको, दक्ष शिक्षक नहुनु तर विद्यार्थीको मासिक शुल्क भने बढी हुने हुँदा पनि स्थानिय तहले निगरानी गर्न नसक्नु विडम्बना हो ।

तसर्थ हचुवाको तालमा दिइने अनुमतीका कारण जताभावी तरिकाले खुल्दै गरेका विद्यालय लगायतका ती संस्थाहरुबाट भविष्यमा ठूलो दुर्घटना निम्त्याउन सक्छ भन्ने कुरामा दुई मत नहोला । यसर्थ यस्ता कार्यप्रति स्थानीय पालिकाहरु जिम्मेवार हुनु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सगरमाथा संवाद : जलवायु संकट समाधानमा नेपालको प्रयास

**मञ्जित ढकाल**

काठमाडौं, २ जेठ (रासस) ।

विश्वको सर्वोच्च शिखरको नामबाट शुक्रबार जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा 'सगरमाथा संवाद' को आयोजना हुँदैछ । यो संवाद एक सम्मेलन मात्रै नभएर जलवायु सङ्कटको चपेटामा परेका नेपालजस्ता जलवायु परिवर्तन गराउनमा नगण्य हुँदाहुँदै जलवायुजन्य सङ्कटको उच्च असर भोगिरहेको मुलुकहरूको साझा आवाज उठाउने मञ्च पनि हो । यिनै मुलुकहरूको प्रतिनिधित्व गर्दै नेपालले आयोजना गर्न लागेको सगरमाथा संवाद जलवायुजन्य सङ्कट समाधानका लागि विज्ञान, कूटनीति र न्यायको सेतु बन्न सक्छ ।

नेपालले भोगिरहेका जलवायुजन्य घटनाहरूका थुप्रै उदाहरणहरू हाम्रा अघि छन् । सन् २०२४ अहिलेसम्मकै सबैभन्दा तातो वर्षका रूपमा पुष्टि हुनु आफैँमा जलवायु सङ्कट गहिरिँदै गएको गम्भीर चेतावनी हो । सन् १८५० अघि औद्योगिकीकरण सुरु हुनुअघिको तापक्रमको तुलनामा १.५५ डिग्री सेल्सियसले तापमान वृद्धि हुनु भनेको हामी पेरिस सम्झौताअन्तर्गत तय गरिएको १.५ डिग्री सीमासँग निकै नजिक पुगिसकेको सङ्केत हो । यद्यपि, वैज्ञानिक तथ्यहरूका आधारमा हेर्दा त्यो सीमा स्थायी रूपमा ननाघिएको भए पनि अब ढिला नगरी जलवायु परिवर्तनलाई गम्भीरतापूर्वक लिई कार्यान्वयनमा जानु अत्यावश्यक भएको छ ।

वैज्ञानिक अध्ययनहरू अनुसार तापमान वृद्धिलाई १.५ डिग्रीभित्र सीमित राख्ने सम्भावना अझै बाँकी छ । तर त्यसका लागि यही दशकभित्र कार्बन उत्सर्जनमा तीव्र कटौती अनिवार्य छ । यदि हालको उत्सर्जन दर यथावत् रह्यो भने सन् २०५० सम्ममा विश्व आयमा २० प्रतिशतसम्म गिरावट आउने प्रक्षेपण गरिएको छ । दक्षिण एसियाका देशहरूमा यो आँकडा अझै उच्च (करिब २२ प्रतिशत) हुने अनुमान गरिएको छ, जहाँ आर्थिक रूपमा कमजोर देशहरूले अझ ठूलो क्षति व्यहोर्ने अपेक्षा गरिएको छ ।

जलवायु परिवर्तनको अत्यन्त्य जोखिममा रहेका नेपालजस्ता अति संवेदनशील देशहरूका लागि १.५ डिग्रीको लक्ष्य प्राप्त नगर्नु भनेको आर्थिक, सामाजिक विभेद बढ्नाका साथै मानव अस्तित्वमै खतरा उत्पन्न हुनु हो । हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन् । मौसमी चक्रमा आएको असन्तुलनले कृषि, पर्यटन, जलविद्युत्लगायत अर्थतन्त्रका प्रमुख आधारहरूमा गम्भीर असर परिरहेको छ ।

**परिवर्तनशील विश्व सन्दर्भमा नेपाल**

पछिल्ला दशकमा विश्व राजनीतिक, आर्थिक र कूटनीतिक सन्तुलनमा उल्लेखनीय परिवर्तन आएको छ । तीव्र गतिमा विकास भइरहेका केही देशहरूको उदयले जलवायु वार्तामा परम्परागत 'विकसित' र 'विकासोन्मुख' मुलुकबीचको विभाजनलाई झनै जटिल र धमिलो बनाएको छ । केही देशहरू आर्थिक रूपमा अघि बढे पनि जलवायुको जोखिममा भइरहेको निरन्तर वृद्धिले जलवायु न्याय र समान उत्तरदायित्वका सवालहरू थप पेचिलो बनेका छन् ।

यस्तो पृष्ठभूमिमा जलवायु वार्ता जटिल र चुनौतीपूर्ण बनेको छ । यद्यपि, कम विकसित तथा जलवायु जोखिममा परेका देशहरूको साझा आवाज बलियो बन्दै गएको छ । यस्तो जटिल सन्दर्भमा नेपालले अति कम विकसित राष्ट्रहरूको समूह, 'क्लाइमेट भल्नरेबल फोरम', 'हाई एम्बिसन कोएलिसन' जस्ता मञ्चमार्फत अन्तरराष्ट्रिय मञ्चमा निरन्तर सक्रिय भूमिका खेलेको छ ।

**नेपालको संलग्नता र सङ्कट समधानका प्रयासहरू**

स्रोत र क्षमतामा सीमितताका बाबजुद, नेपालले जलवायु कूटनीतिमा सधैँ अग्रसरता देखाउँदै आएको छ । सन् १९९२ मा संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धिमा आबद्धतादेखि २०१५ को पेरिस सम्झौतासम्म नेपालले जलवायुका जोखिमसँग जुध्न अनुकूलनका प्रयासहरू र कार्बन उत्सर्जन घटाउन न्यूनीकरणमा प्रतिबद्धता जनाउँदै आएको छ । राष्ट्रिय जलवायु नीति, राष्ट्रिय अनुकूलन योजना, अति कम विकसित राष्ट्रहरूलाई नेपालको प्रतिबद्धता स्पष्ट गर्छन् । तर हाम्रा प्रयासहरू योजना मात्रै सीमित हुँदा पर्याप्त हुँदैन । तिनलाई कार्यान्वयन गर्न वित्तीय स्रोत र प्रविधिमा पहुँचको खाँचो छ । नेपालले यही आवश्यकता लिएर अन्तरराष्ट्रिय मञ्चहरूमा न्यायपूर्ण र समानुपातिक वित्तीय व्यवस्थाको माध्यमबाट सहयोग माग गर्दै आएको छ ।

राष्ट्रियस्तरमा जलवायु सङ्कट समाधानमा सरकारको भूमिका अझ धेरै रहे पनि नेपाल जस्तै परिवेश भएका देशहरूको तुलनामा जलवायु शिक्षा, पूर्वसूचना प्रणाली, स्थानीय जनस्तरसम्म पुग्ने अनुकूलन कार्यक्रमहरू सञ्चालन गरेर नेपालले उदाहरणीय अभ्यास प्रस्तुत गरिरहेको छ । तर यी प्रयासहरूलाई अघि बढाइराख्न पर्याप्त अन्तरराष्ट्रिय सहयोग र सहकार्य आवश्यक छ ।

**सगरमाथा संवादको अर्थ र महत्व**

जलवायु परिवर्तनको असरको दृष्टिकोणले सबैभन्दा जोखिममा रहेका आर्थिक हिसाबले कमजोर राष्ट्रहरूको भूमिका महत्वपूर्ण भए पनि जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय कूटनैतिक बैठकहरू भने शक्तिसम्पन्न राष्ट्रहरूको अग्रसरतामा मात्र हुने गरेको छ । यस्तो पृष्ठभूमिमा सुरु भएको सगरमाथा संवाद नेपालको दूरदर्शी जलवायुसम्बन्धी कूटनीतिक पहलकदमी हो भन्दा फरक पर्दैन । विश्वकै सर्वोच्च शिखर सगरमाथाका नाममा सुरु गरिएको यो संवादले नेपालको जलवायुसम्बन्धी चिन्तन र सहकार्यका माध्यमबाट समाधान पहिल्याउने प्रयासलाई विश्वसामु पुऱ्याउने दरिलो माध्यम बनेको छ ।

'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' भन्ने मूल विषयले पर्वतीय देशहरूको अवस्था र सम्भावनालाई विश्वसामु राख्न सघाएको छ । कार्बन उत्सर्जनमा नगण्य योगदान पुऱ्याउने भए पनि हिमाली क्षेत्रले अत्यधिक असर भोगिरहनु परिरहेको यथार्थलाई यसले उजागर गरेको छ । पग्लँदै गरेका हिमनदी, अनियमित मौसमी घटना र प्रकोपले स्थानीय समुदाय मात्र होइन, तल्लोतटीय जनसमुदायलाई पनि गम्भीर असर गरिरहेको छ । नेपालले सामुदायिक वन व्यवस्थापन, नवीकरणीय ऊर्जा, विद्युतीय सवारी साधनको प्रवर्द्धन र स्थानीय अनुकूलन अभ्यासहरूलाई प्रस्तुत गर्दै जलवायु जोखिमता भोग्ने राष्ट्र र पीडित मात्र नभई जलवायु सङ्कट समाधान दिने देशको छवि स्थापित गरेको छ ।

**नेपालीका लागि अवसर**

सगरमाथा संवाद सरकार, नागरिक समाज, युवा, बालबालिका, अनुसन्धानकर्ता, आदिवासी र सीमान्तकृत समुदायहरूलाई एउटै मञ्चमा ल्याउने माध्यम बनेको छ । यसले राष्ट्रिय स्वामित्व अभिवृद्धि गर्नाका साथै नेपालले गरेका नवीनतम् प्रयासहरूलाई प्रवर्द्धन गर्ने र अन्तरराष्ट्रियजगत्मा नेपालको नेतृत्व देखाउने सुनौलो अवसर पनि प्रदान गरेको छ । संवादले अन्तरराष्ट्रिय बहसमा नेपालको उपस्थिति मात्र होइन, स्वामित्व र विश्वसनीयता समेत बलियो बनाएको छ ।

संवादको तयारीकै क्रममा भएको सहभागिताले आन्तरिक क्षमता विकास, नीतिनिर्माणमा समन्वय र भविष्यका लागि नेतृत्व विकासमा महत्वपूर्ण योगदान दिएको छ । यसले नीति निर्माण, वैज्ञानिक अनुसन्धान र जनस्तरसम्मको जनचेतना अभिवृद्धिमा पुलको काम गरेको छ । नेपाल केवल जलवायु सङ्कटबाट प्रभावित मुलुक मात्र होइन, समाधानको खोजमा अग्रसर राष्ट्रका रूपमा पनि अघि बढिरहेको छ भन्ने सन्देश संवादमार्फत दिने अवसर प्राप्त भएको छ । यहाँका सङ्घसंस्था तथा व्यक्तिगत प्रयासहरूमार्फत जलवायु सङ्कट समाधानमा गरिएको नवीनतम् अभ्यासहरूलाई सगरमाथा संवादले अन्तरराष्ट्रियस्तरमा चिनाउने अवसर प्रदान गरेको छ ।

**अबको नेतृत्व विज्ञान र कूटनीतिमा आधारित**

जसरी विश्व कोप ३० र त्यसपछिका चरणहरूमा हुने जलवायु वार्ताहरूका लागि तयारी गरिरहेको छ, सगरमाथा संवादले दिएको सन्देश स्पष्ट छ । अबका जलवायु वार्ताहरूमा राजनीतिक इच्छाशक्ति, वैज्ञानिक प्रमाण, कूटनीतिक क्षमता र नैतिक नेतृत्वको समन्वयमा जलवायु सङ्कटको हिसाबमा अग्रपङ्क्तिमा रहेका राष्ट्रहरूको उपस्थिति र सहभागिता अनिवार्य हुन्छ भन्ने रहेको छ ।

नेपालले देखाएको नेतृत्वले कम योगदान तथा जोखिममा भएका मुलुकहरू पनि वैज्ञानिक प्रमाण, अनुभव र समानताको आधारमा विश्व समुदायलाई समाधान पहिल्याउन एकै मञ्चमा ल्याउने नेतृत्व गर्न सक्छन् भन्ने रहेको छ । सगरमाथा संवादले यही दृष्टिकोणलाई मूर्त रुप दिएको छ । जलवायु सङ्कट समाधानमा अगाडिको बाटो चुनौतीपूर्ण भए पनि सम्भावनाले भरिएको छ । नेपालले प्रस्तुत गरेको नेतृत्व र संवादमार्फत साना मुलुकहरूले पनि समाधान सुझाउन र अन्तरराष्ट्रिय कूटनीतिमा अग्रणी भूमिका खेल्न सक्छन् भन्ने प्रेरणा दिएको छ । जति सङ्कट गहिरिँदै जान्छ, उति नै सहकार्य, राष्ट्रहरूको दृढता र साझेदारी आवश्यक हुन्छ र त्यसका लागि नेपालले देखाएको मार्गदर्शन अनुकरणीय छ ।

नेपाल जस्तो विकासशील देशले यस्तो बहुपक्षीय संवादको आयोजना गर्नु आफैँमा ऐतिहासिक र रणनीतिक सफलताका रूपमा लिन सकिन्छ । जलवायु परिवर्तनको प्रभावको चपेटामा रहेको नेपालले अब आवाज उठाउने मात्र होइन, नीतिनिर्माणमा नेतृत्व गर्ने उद्देश्यसहित संवाद आयोजना भएको छ । यसले नेपालको नेतृत्व लिने क्षमतालाई पनि दर्शाउँछ । सगरमाथा संवादले 'जलवायु सङ्कट र न्याय' विषयलाई प्राथमिकता दिनेछ । संवादमा सहभागी वैज्ञानिक, राजनीतिज्ञ, शिक्षाविद् र युवा प्रतिनिधिहरूले जलवायु सङ्कटलाई पर्यावरणीय चुनौतीका रूपमा मात्रै नभएर सामाजिक र नैतिक सङ्कटका रूपमा समेत आवाज उठाउनेछन् भन्ने विश्वास छ ।

समग्रमा सगरमाथा संवाद एक अन्तरराष्ट्रिय बहसको मञ्च हो । यसले जलवायु सङ्कट, न्याय र सहअस्तित्वका विषयमा विश्वभरका वैज्ञानिक, नीति निर्माता र समुदायलाई एकत्रित गर्छ । एकै छानामुनि भेला भएर विभिन्न मुलुकका प्रतिनिधिहरूले जलवायु सङ्कट समाधानको उपायहरूको खोजी गर्नेछन् । नेपालको हिमालय क्षेत्र जलवायु परिवर्तनको सबैभन्दा संवेदनशील क्षेत्र भएकाले नेपालले सगरमाथा संवादमार्फत समस्या समाधानका लागि विश्वको ध्यानाकर्षण गराउनेछ भन्ने विश्वास छ ।

विश्वास छ कि यस संवादले वैज्ञानिक तथ्यहरूको आधारमा अत्यधिक कार्बन उत्सर्जन गर्ने राष्ट्रहरूलाई तत्काल उत्सर्जन घटाउन प्रेरित गर्नेछ । साथै, जलवायु सङ्कट समाधानका लागि नेपालले गरेको नवीनतम र अनुकरणीय कार्यहरू अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न र थप प्रयासका लागि अन्तरराष्ट्रिय सहकार्य र समर्थन विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका अतिरिक्त, संवादले युवाको सहभागिता, स्थानीय ज्ञानको सम्मान र दिगो भविष्यका लागि सहकार्यलाई प्रवर्द्धन गर्नेछ भन्ने आशा गरिएको छ । साथै, यसले विश्वलाई जलवायु न्यायतर्फ अग्रसर गराउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गरिएको छ । (जलवायु परिवर्तनको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्तरराष्ट्रिय कूटनीतिमा सक्रिय ढकालसँग राससकी प्रगति ढकालले गर्नुभएको कुराकानीम आधारित)

# जलवायु संकट समाधानमा विश्वव्यापी सहकार्य

**डा अर्जुन कार्की**

काठमाडौँ, २ जेठ (रासस) ।

जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको चुनौतीबारे विश्व समुदायको ध्यानाकर्षण गराउन शुक्रबारदेखि 'सगरमाथा संवाद' को आयोजना गरिएको छ । यस किसिमको संवाद २०७६ सालमै गर्ने भनेर सुरु गरेको कार्यक्रम हो । कोभिड–१९ का कारण उक्त समयमा अन्तिम समयमा आएर स्थगित गर्नुपरेको थियो । केही समय ढिलै भएपनि यसपटक नेपालले आफू र आफूजस्तै जलवायु परिवर्तनको समस्याबाट प्रभावित भएका पर्वतीय मुलुकदेखि विकसित एवं विकासशील देशका प्रतिनिधिहरूलाई एकै थलोमा जुटाई आफ्ना समस्याहरूका बारेमा अवगत गराउने र भविष्यमा सहयोग जुटाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरी महत्वपूर्ण कार्य गरेको छ ।

नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको नाममा आयोजना गरिएको यस संवादले नेपालको पहिचान झल्काएको छ । यसको मुख्य उद्देश्य जलवायु परिवर्तनले हिमालको विषय मात्र नभई आर्थिक, सामाजिक जनजीवनका विषयहरूमा पनि केन्द्रित छ । सगरमाथा संवाद सरकारले आयोजना गरेको अन्तरसरकारी प्रक्रिया हो । सरकारले यस वर्षको आफ्नो नीति तथा कार्यक्रममा पनि सगरमाथा संवादमा जलवायु अनुकूलन र असर न्यूनीकरणका कार्यक्रम लागू गरिने जनाएको छ ।

सगरमाथा संवादमार्फत हिमाली समुदायले भोगिरहेका जलवायुजन्य समस्या उजागर गर्दै विश्वको ध्यानाकर्षण गराउन सहयोग पुग्नेछ । सगरमाथा संवादबाट नेपालले कूटनीतिक, वातावरणीय, आर्थिक र सामाजिक पक्षसँग सम्बन्धित धेरै किसिमका लाभ लिन सक्छ । यसपटक नेपालले सकेसम्म हानि– नोक्सानी हुनै नदिने, भयो भने पनि त्यसलाई न्यूनीकरण गर्ने, हरेक प्रयास गर्दा पनि हानि–नोक्सानी भयो भने पनि त्यसलाई क्षतिपूर्तिसहित सम्बोधन गर्नुपर्छ भन्ने कुरालाई विशेष महत्वका साथ उठाउने भएको छ । नेपालले कार्बन उत्सर्जन गर्ने मुलुकबाट उचित क्षतिपूर्ति, जलवायु वित्त र हरित वित्त प्राप्तिका लागि संवाद, बहस र पैरवी गर्ने छ । जलवायु परिवर्तनका असरहरूबाट जोखिममा रहेका समुदायको पक्षमा वकालत गरी साझा दृष्टिकोण बनाउन यस संवादले अवसर प्रदान गरेको छ । जलवायु चुनौतीको समाधान, जलवायु न्यायको प्रवर्द्धन र सीमान्तकृत समुदायको सरोकार समावेश गर्न सहज भएको छ ।

जलवायु परिवर्तन कुनै एक देशको मात्र नभई सबै मुलुकको साझा समस्या भएकाले यसको समाधानमा पनि साझा बुझाइ र प्रयास हुनु जरुरी छ । अति कम विकसित राष्ट्रहरू, पर्वतीय र विकासशील मुलुकहरूको पेचिलो समस्या भएकाले यसको समाधानमा समावेशीपूर्ण ढङ्गबाट उपायहरूको खोजी गरिनुपर्छ । जलवायु परिवर्तनबाट मानव सभ्यताले भोगेका सङ्कटको विषयमा विश्वव्यापी रूपमा छलफल अगाडि बढाउनुपर्छ । विश्वमा जलवायुको संवाद भइरहँदा हिमालको विषयले खासै महत्व पाउन सकेको छैन । हिमालको मुद्दा विश्वव्यापी बहसमा ल्याउने गरी संवादमा पैरवी गर्न सकिन्छ । सगरमाथा संवादमा जलवायु परिवर्तन, हिमाल र मानव भविष्यको विषयमा छलफल हुनेछ ।

नेपाललाई दक्षिण एसियाको 'वाटर टावर'का रूपमा हेरिने गर्छ । विश्वव्यापी बढ्दो तापक्रमले हिमाल पग्लने क्रम तीव्र गतिमा बढेको र त्यस क्षेत्रको पारिस्थितिकीय प्रणालीलाई नकारात्मक असर पर्नाका साथै त्यसबाट सिर्जित जलवायु परिवर्तनको असरले हिमाली क्षेत्रको मानव सभ्यतालाई नै खतरामा पारेको छ । केही वर्षयता हिमालय क्षेत्रमा तीव्र गतिमा हिउँ पग्लिने क्रमले गर्दा एशिया प्रशान्त क्षेत्रमा मुलुकहरूमा समुन्द्र सतहमा वृद्धि हुँदा करोडौँ बासिन्दाको भविष्य अनिश्चय बन्दै गएको छ । अर्कोतिर सबसहारा अफ्रिकी मुलुकहरूमा मरुभूमिकरणको समस्या ज्वलन्त रूपमा आएको छ । यसरी जलवायु परिवर्तनको असर हिमाली मुलुकहरूका साथै समुन्द्रतटीय क्षेत्रका मुलुकदेखि अफ्रिकी मुलुकहरूमा खाद्य सम्प्रभुतामा प्रत्यक्ष प्रभाव परेको छ । यसरी हेर्दा अब जलवायु परिवर्तनका कारण मानवीयतामा सङ्कट आएसँगै मानव अधिकारको मुद्दा बनिसकेको छ ।

विशेषगरी वातावरणीय सङ्कट, जलवायु परिवर्तन, दिगो विकास र सहकार्यका विषयहरूमा केन्द्रित रहेर नेपाल सरकारद्वारा आयोजना गरिएको सगरमाथा संवाद एक बहुपक्षीय कूटनीतिक संवाद हो । विश्वभरका नीति निर्माता, वैज्ञानिक, नागरिक समाज, युवा र निजी क्षेत्रका प्रतिनिधिहरूलाई एउटा मञ्चमा ल्याएर साझा समाधानहरूको खोजी गर्न यस संवादले महत्वपूर्ण अवसर दिएको छ । विभिन्न दातृ निकाय र अन्तरराष्ट्रिय संस्थाबाट वातावरणीय परियोजनाहरूमा सहयोग र लगानी ल्याउन सकिन्छ । यस संवादको माध्यमबाट जलवायु परिवर्तन मानवीय चुनौती भएकाले यसको कूटनीतिक पहिल गरी संस्थागत रूपमा नेपालले मुद्दालाई अन्तरराष्ट्रियकरण गर्न सक्नुपर्छ । जलवायु परिवर्तन, क्षेत्रीय तथा अन्तरराष्ट्रिय शान्ति, बसाइँसराइ, खाद्य सुरक्षा, मानवीय सङ्कट र विपद् जोखिमजस्ता समस्याको समाधानमा यस किसिमका संवादहरूको उपयोग गर्न सकिएमा जलवायु सङ्कट समाधानमा विश्वव्यापी सहकार्यको वातावरण विकास गर्न सकिन्छ ।

विश्वभर जलवायु परिवर्तन र दिगो विकासका लक्ष्यहरू हासिल गर्न पनि विश्वव्यापी समन्वय र साझेदारीको खाँचो पर्दछ । नेपालले सन् २०४५ भित्र खुद शून्य कार्बन उत्सर्जन गर्ने देश बन्ने नेपालको प्रतिबद्धता गरेको सन्दर्भमा त्यसलाई पूरा गर्न दीर्घकालीन रणनीति कार्यान्वयनका लागि आवश्यक सहयोग जुटाउन पनि यस किसिमका भेटघाट र संवादले थुप्रै अवसरहरूको ढोका खोल्दछ । विश्वले नै जलवायु परिवर्तनका समस्याहरूको पहिचान र तिनको निदानका लागि संयुक्त प्रयास आवश्यक पर्दछ ।

नेपाल जस्ता हिमाली राष्ट्रहरू जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित छन् । जलवायु परिवर्तन अब कुनै क्षेत्र र देश विशेषको नभएर विश्वकै समस्या भएको छ र यसले मानवताको भाग्यमात्र होइन, भविष्य नै खतरामा पारेको छ । सिङ्गो मानवतालाई नै सङ्कटमा पारेको यस विश्वव्यापी सङ्कटसँग जुध्नका लागि कुनै पनि देशको आफ्नो एक्लो प्रयास पर्याप्त हुँदैन, सबैको संयुक्त र सामूहिक प्रयासको खाँचो पर्दछ । नेपालले जलवायु परिवर्तनको नकारात्मक प्रभावको भारी र असमान बोझको सामना गर्नु परेको मात्र होइन, हाम्रो कृषि प्रणाली, जीवनशैली र भविष्यमाथि नै सङ्कट थपिएको छ । जलवायु परिवर्तनबाट बालीनाली वा खेती प्रणालीमा प्रत्यक्ष प्रभाव पारेको छ । यसो हुँदा खाद्य सुरक्षा, जीविकोपार्जन र समावेशी विकास अवधारणामा ठूलो चुनौती सिर्जना भएको छ । विशेषगरी सानो द्वीप राष्ट्रहरू र एलडीसीहरूले जलवायु आपत्का कारण भएको क्षतिपूर्तिको मागको राम्रोसँग सुनुवाइ हुन सकेको छैन ।

संवादका अवसरमा विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेन्टिग्रेडमा सीमित गर्दै हिमाली अर्थतन्त्रको दिगो व्यवस्थापन, उच्चदेखि तल्लोतटीय क्षेत्रसम्म जलवायु परिवर्तनको असर, त्यसको हानि–नोक्सानी तथा लैङ्गिक तथा अन्तरपुस्तागत समता विषयमा छलफल हुने नै छ । विश्वका विभिन्न तीन दर्जनभन्दा बढी मुलुकका प्रतिनिधि र विश्व बैङ्क, एसियाली विकास बैङ्क, बिम्स्टेक, सार्कलगायत क्षेत्रीय र बहुपक्षीय अन्तरराष्ट्रिय ६१ सङ्घसंस्थाका प्रतिनिधि सहभागी रहेको सगरमाथा संवाद तीन दिनसम्म सञ्चालन हुने यस संवादले पर्वतीय मुलुक र ती मुलुकका बासिन्दाहरूलाई भविष्यमा आउनसक्ने जटिल वातावरणीय रूपमा समस्याको समाधानमा एकै ठाउँमा उभिएर जलवायुजन्य सङ्कट समस्याका लागि सहकार्य गर्ने बाटो खुल्ने विश्वास गर्न सकिन्छ ।

'जलवायु परिवर्तन, पहाड र मानवताको भविष्य' विषयवस्तु रहेको यस संवादले अब विश्वले नै जलवायु परिवर्तनका समस्याहरूको पहिचान र तिनको निदानका लागि संयुक्त प्रयास आवश्यक छ भन्ने कुराको बोध गर्ने नै छ । संवादका क्रममा सञ्चालन हुने 'पर्वतभन्दा बाहिरः पर्वतलाई महासागरसँग जोड्दै,' 'हरित अर्थतन्त्र,' 'जलवायु न्याय र मानवताको भविष्य,' 'हानि–नोक्सानीबाट बच्ने, न्यूनीकरण गर्ने र सम्बोधन गर्ने उपाय' र 'विश्वव्यापी र क्षेत्रीय साझेदारी' सम्बन्धी विषयगत सत्रहरूले तत्तत् विषयमा ठोस रूपमा छलफल गरी आगामी कार्यदिशा दिनेछन् र त्यसैको आधारमा अन्त्यमा जारी हुने 'सगरमाथा संवाद घोषणा'ले आगामी दिनका लागि यस क्षेत्रमा गर्नुपर्ने कार्यको मार्गदर्शन गर्नेछ । (प्रस्तुत विचार संरा अमेरिकाका लागि नेपाली पूर्वराजदूतसमेत रहनुभएका आरआरएन नेपालका कार्यकारी अध्यक्ष कार्कीसँग राससका कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

## विशेषको फैसलाविरुद्ध आयोग सर्वोच्चमा

काठमाडौँ, २ जेठ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय भद्रपुर, झापाका सर्भेक्षक सुवासचन्द्र यादवका सन्दर्भमा विशेष अदालतले गरेको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

जग्गा कित्ताकाट गरी बाटो प्रमाणित गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग रु एक लाख २५ हजार बराबरको घुस लिँदै गरेका अवस्थामा आयोगको टोलीले यादवलाई पक्राउ गरेको थियो ।

सो मुद्दामा विशेष अदालतले २०८१ वैशाख २१ गते फैसला गरेको थियो । उक्त फैसला कानुन सम्मत नभएको दाबी गर्दै आयोगले शुक्रबार सर्वोच्चमा पुनरावेदन गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

# विश्व समाचार

## गाजामा अब क्यान्सरको उपचार असम्भव : डब्ल्युएचओ

जेनेभा, २ जेठ (रासस/क्युएनए) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले शुक्रबार गाजामा इजरायली आक्रमणपछि हृदय रोग र क्यान्सरको उपचार सेवा बन्द भएको घोषणा गरेको छ । सामाजिक सञ्जाल एक्समार्फत डब्लुएचओका महानिर्देशक डा टेड्रोस एधानोम गेब्रेयससले मङ्गलबारको आक्रमणले खान युनुसको युरोपेली अस्पताललाई गम्भीर क्षति पुऱ्याएको पुष्टि गर्दै हाल सेवाहरु बन्द गरेको जानकारी दिनुभएको छ ।

टेड्रोसले खान युनिशस्थित अस्पताल बन्द हुँदा न्यूरोसर्जरी, मुटु र क्यान्सर उपचार, गाजाको कुनै पनि ठाउँमा उपलब्ध नभएको उल्लेख गर्नुभएको छ । यसले अत्यावश्यक स्वास्थ्य सेवाको पनि अभाव भई स्वास्थ्य प्रणालीलाई कमजोर बनाउने भएकाले अस्पतालहरूको सुरक्षा गर्नुपर्ने कुरामा पनि जोड दिनुभयो ।

'डक्टर्स विदाउट बोर्डर्स'ले पनि यसको परिणामका बारेमा चेतावनी दिँदै सामाजिक सञ्जाल एक्समा उक्त अस्पताल अबुध रोगको उपचारसमेत भएको गाजाको स्वास्थ्य प्रणालीको अन्तिम सेवा केन्द्र भएको जानकारी दिनुभएको छ । गाजामा बाँकी रहेका अधिकांश अस्पतालहरू आंशिक रूपमा मात्र सञ्चालनमा रहेको तथा निरन्तर क्षमताभन्दा बढी काम गरिरहेको सङ्गठनले जनाएको छ । उहाँले स्वास्थ्य सुविधाहरूमा बारम्बार भएको आक्रमणले इजरायलले गाजालाई कसरी विनास गरिरहेको छ भन्ने कुराको अर्को प्रमाण भएको उल्लेख गर्नु भएको छ ।

## अमेरिकाद्वारा संयुक्त अरब इमिरेट्ससँग २०० अर्बको सम्झौता

वासिङटन, २ जेठ (रासस/सिन्ह्वा) ।

संयुक्त राज्य अमेरिकाले बिहीबार संयुक्त अरब इमिरेट्स (यूएई) सँग २०० अर्ब डलरभन्दा बढीको सम्झौता घोषणा गरेको छ । सम्झौतामा अत्याधुनिक अन्तरिक्ष यान, ऊर्जा र महत्वपूर्ण खनिजहरू समावेश गरिएको छ । जीई एरोस्पेसले इतिहाद एयरवेजबाट जिइ इन्जिनद्वारा सञ्चालित बोइङ र विमान खरिद गर्नका लागि १४.५ बिलियन डलरको सम्झौता गरेको ह्वाइट हाउसले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

'इमिरेट्स ग्लोबल एल्युमिनियम' ले ओक्लाहोमा राज्यमा चार अर्ब डलरको प्राथमिक एल्युमिनियम गाल्ने परियोजनामा लगानी गर्ने प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । एक्सोनमोबिल, अक्सिडेन्टल पेट्रोलियम र इओजी रिसोर्सेजले अबु धाबीको नेसनल आयल कम्पनीसँग ६० अर्ब डलरको तेल र प्राकृतिक ग्यासको उत्पादनका लागि सहकार्य गरिरहेको छ । यसैगरी आरटीएक्सले इमिरेट्स ग्लोबल एल्युमिनियम र युएईको काउन्सिल तवाजुनसँग चर्चित 'ग्यालियम प्रोजेक्ट' मा साझेदारी गरिरहेको छ । अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार साउदी अरब र कतारको भ्रमणपछि युएईको भ्रमण गर्नुभएको हो ।

## मध्यरातदेखिको इजरायली आक्रमणमा ५० को मृत्यु

गाजा सिटी, २ जेठ (रासस/एएफपी) ।

गाजाको नागरिक सुरक्षा एजेन्सीले शुक्रबार मध्यरातदेखि प्यालेस्टिनी क्षेत्रमा इजरायली आक्रमणमा ५० जनाको मृत्यु भएको बताएको छ ।

"उत्तरी गाजा पट्टीमा नागरिक घरहरूलाई लक्षित गरेर गरिएको इजरायली गोलाबारीमा मध्यरातदेखि आज बिहानसम्ममा मृतकको सङ्ख्या बढेर ५० पुगेको छ... हाम्रा टोलीहरू अझै ती क्षेत्रहरूमा काम गरिरहेका छन्", नागरिक सुरक्षा अधिकारी मोहम्मद अल–मुघैयरले भन्नुभयो ।

उत्तरी सहर बेइत लाहियास्थित इन्डोनेसियाली अस्पतालका एक चिकित्सकले अधिकांश बालबालिका र महिलासहित ३० मृतक र दर्जनौं घाइतेलाई अस्पतालमा ल्याइएको बताए । जबालियाको अल–अवदा अस्पतालका कार्यवाहक निर्देशक मोहम्मद सालेहका अनुसार अस्पतालमा बमबारीले पाँच जनाको मृत्यु भएको छ भने '७५ भन्दा बढी घाइते' भएका छन् ।

"इजरायली कब्जाकारीहरूले मेरो घर नजिकैको घरमा बम हाने, यसका बासिन्दाहरू भित्र हुँदा सिधै प्रहार गरे", बेइत लाहियाको पश्चिमी अल–सलातिन क्षेत्रका ४० वर्षीय युसुफ अल–सुल्तानले 'हवाई आक्रमण, तोपखाना गोलाबारी र क्वाडकप्टर ड्रोनहरूबाट गोलीबारी' को रिपोर्ट गर्दै भन्नुभयो, "नागरिकहरू बीच ठूलो विस्थापनको लहर छ । मध्य रातमा डर र त्रासले हामीलाई समातेको छ ।"

## गाजामा धेरै मानिस भोकमरीमा छन् : ट्रम्प

अबु धाबी, २ जेठ (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घेराबन्दीमा परेका प्यालेस्टिनी इलाकामा मानिसहरू भोकमरीमा रहेको बताउनुभएको छ । उहाँले शुक्रबार पत्रकारहरूलाई संयुक्त राज्य अमेरिकाले गाजाको अवस्थालाई 'ख्याल राख्ने' बताउनुभयो । "हामी गाजालाई हेरिरहेका छौं र हामी यसको ख्याल राख्ने छौं । धेरै मानिस भोकमरीमा छन्", उहाँले पत्रकारहरूलाई भन्नुभयो ।

ट्रम्पको यो छोटो टिप्पणी खाडी देशहरूको बहु–दिवसीय भ्रमणको अन्तिम चरण समापन गर्दा आएको हो । इजरायलले गाजामा दुई महिनाभन्दा बढी समयदेखि नाकाबन्दी लगाएको छ । नाकाबन्दीले संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरू र अन्य मानवीय समूहहरूले २४ लाख प्यालेस्टिनीको क्षेत्रमा इन्धन र औषधि आपूर्ति सङ्कुचित हुने चेतावनी दिएका छन् । यसले गाजा पट्टीमा मानवीय सङ्कट रहेको कुरा पनि बारम्बार अस्वीकार गरेको छ ।

अमेरिका र इजरायल समर्थित योजनाको व्यापक आलोचना भएपछि साथै गाजा क्षेत्रमा मानवीय स्थितिप्रति चिन्ता व्यक्त गरेपछि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गाजामा सहायता ल्याउन कुनै पनि नयाँ विचारका लागि खुलापन व्यक्त गरेको एक दिनपछि ट्रम्पको टिप्पणी आएको हो ।

# ‘आतंकवादी आक्रमणमा परेका नेपालीका परिवारलाई सधैँ सहयोग गर्छौं’

काठमाडौँ, २ जेठ (रासस)।
नेपालका लागि इजरायलका राजदूत श्मुलिक ए बासले आतङ्कवादी आक्रमणमा परेका नेपालीका परिवारलाई सधैँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

इजरायलको ७७ औँ स्वतन्त्रता दिवस तथा नेपाल–इजरायल कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सवका अवसरमा बिहीबार साँझ यहाँ आयोजित स्वागत समारोहमा उहाँले पीडितका परिवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

आतङ्कवादी समूह हमासले २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा आक्रमण गर्दा ‘लर्न एण्ड अर्न’ कार्यक्रमअन्तर्गत त्यहाँ अध्ययनरत १० जना नेपाली मारिएका थिए। उक्त हमलामा मारिएका नेपाली विद्यार्थीप्रति श्रद्धाञ्जली अर्पण गर्दै राजदूत बासले उनीहरूका परिवारलाई निरन्तर सहयोग हुने बताउनुभयो।

“इजरायलले आतङ्कवादबाट प्रभावित नेपाली विद्यार्थीका परिवारलाई आर्थिक र नैतिक सहयोग प्रदान गर्दै आएको छ, त्यो निरन्तर रहने छ। नेपालीसहित हमासको आक्रमणबाट पीडित भएका सबैहरूसँग ऐक्यबद्धताका साथ इजरायल उभिएको छ”, उहाँले भन्नुभयो।

बहुआयमिक नेपाल–इजरायल सम्बन्धबारे चर्चा गर्दै उहाँले नेपालको शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार, जलस्रोत, ग्रामीण विकास र सुरक्षालगायत क्षेत्रमा पारस्परिक सहकार्य हुँदै आएको बताउनुभयो।

इजरायली राजदूतले चार हजारभन्दा बढी नेपालीले इजरायलका कृषि तथा शैक्षिक केन्द्रबाट तालिम लिएका, नेपालको कृषि आधुनिकीकरण र आर्थिक विकासलाई इजरायल सरकारबाट विशेष सहयोग रहेको तथा आगामी दिनमा सूचना तथा सञ्चार र साइबर प्रविधिका क्षेत्रमा बहुपक्षीय सहयोग विस्तार गर्न तत्पर आफ्नो देशको सरकार तत्पर रहेको बताउनुभयो।

इजरायल सधैँ शान्ति, विकास र मैत्रीको पक्षमा रहेको दोहोर्‍याउँदै राजदूत बासले मध्यपूर्वमा दिगो शान्ति कायम गर्नु आफ्नो मुलुकको एकमात्र लक्ष्य हो भन्नुभयो।

# समितिबाट संघीय निजामतीसम्बन्धी विधेयक पारित

काठमाडौँ, २ जेठ (रासस)।
प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले सङ्घीय निजामती सेवामा रहने कर्मचारीको उमेर हद ६० वर्ष, अतिरिक्त सचिव राख्ने व्यवस्था र दुई वर्षे कुलिङ पिरियड राख्न सहमति जनाएको छ।

समितिको शुक्रबारको बैठकले उक्त व्यवस्थासहित लामो समयदेखि समितिमा छलफलका क्रममा रहेको सङ्घीय निजामतीसम्बन्धी विधेयक पारित गरेको समिति सचिव सुरजकुमार दुराले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “कर्मचारी सेवामा रहने उमेर हद ६० वर्ष, अतिरिक्त सचिवसम्बन्धी व्यवस्था, दुई वर्षको ‘कुलिङ पिरियड’ रहने व्यवस्थासहित विधेयक समितिबाट पारित भएको छ।” नयाँ प्रस्तावित व्यवस्थामा निजामती सेवामा १५ तह रहने व्यवस्था छ।

यो निजामती सेवामा रहेको कर्मचारी अवकाश प्राप्त सरकारी कर्मचारीले अर्को जिम्मेवारी प्राप्त गर्ने सन्दर्भमा पर्खनुपर्ने समयावधिसम्बन्धी व्यवस्थालाई कुलिङ पिरियड भनिने गरिएको छ। यसअघि समितिको शुक्रबारको गृहमन्त्री रमेश लेखकले कर्मचारीमा कुलिङ पिरियड दुई वर्ष राख्न सरकार सहमत भएको जानकारी गराउनुभएको थियो। यसअघि एक वर्षको व्यवस्था गर्ने भनिएको थियो। सरकारले ल्याएको उक्त प्रस्तावमा समितिमा रहेका सबै सदस्य सहमत भएका थिए।

सङ्घीय निजामती विधेयकमाथिका छलफलमा भाग लिँदै समिति सदस्यले लोक सेवाप्रतिको छवि र ओजलाई घटाउन नहुने तथा कर्मचारीका उमेर हदका सम्बन्धमा सरकारको दुई वर्षको कुलिङ पिरियडसम्बन्धी प्रस्ताव उपयुक्त हुने सुझाव प्रस्तुत गर्नुभयो।

सदस्य अशोककुमार राईले निजामती विधेयकमा पर्याप्त छलफल भइसकेकाले अब फेरि अल्मलिँदा परिणाम दिन चुनौती हुने भएकाले अब अनावश्यक लम्याउन नहुने धारणा राख्नुभयो। कुलिङ पिरियड दुई वर्ष राख्ने भन्ने सरकारको धारणाप्रति अन्यथा भन्न नमिल्ने बताउँदै उहाँले निजामती कर्मचारीको उमेर हद ६० वर्ष पुर्‍याउनुपर्छ भन्ने विषयमा लचिलो हुँदा नै राम्रो हुने बताउनुभयो।

ट्रेड युनियनकै कारण निजामती प्रशासनलाई बदनाम मात्र नभई निष्पक्ष हुन नसकेका भन्ने तर्क गर्दै त्यसलाई व्यवस्थित तुल्याउन अत्यावश्यक रहेको विचार प्रकट गर्नुभयो।

# आउँदो बजेटमा शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिन सांसदहरूको माग

काठमाडौँ, २ जेठ (रासस)।
प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलका क्रममा सांसदहरूले शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

छलफलका क्रममा सांसदहरूले शिक्षा, स्वास्थ्य, कृषिलगायत जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा सरकारको विशेष ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको हो।

सांसद अम्मरबहादुर थापाले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “शिक्षकका मागमा सम्झौता गरिन्छ, तर कार्यान्वयन नहुँदा बारम्बार आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर सुधार गर्न र राष्ट्रको ढुकुटी बलियो बनाउन के गर्न सकिन्छ भन्नेबारे गम्भीर सोच आवश्यक छ।”

सांसद अब्दुल खाँनले महिला तथा बालबालिकाको पोषणमा ध्यान दिनुपर्ने, उत्पादनको मूल्य निर्धारण गर्नुपर्ने र अस्पतालहरूको सुधार आवश्यक रहेको बताउनुभयो। उहाँले जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सरकार गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो।

सांसद दीपक कार्कीले सरकारले विकासका लक्ष्यप्राप्त गर्न इच्छाशक्ति र इमान्दारिताको अभाव देखिएको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, “झन्झटिलो कार्यविधिका कारण लक्ष्य हासिल गर्न कठिन भएको छ। तीन तहका सरकारबीच दोहोरोपन हटाएर, सही किसानलाई अनुदान सुनिश्चित गरिनुपर्छ। नियमन र नियन्त्रण कडा हुन आवश्यक छ।”

सांसद सर्वेन्द्रनाथ शुक्लाले शिक्षाको गुणस्तर सुधार गरी विदेशी विद्यार्थीलाई आकर्षित गर्न सकिने धारणा राख्नुभयो। उहाँले युवालाई देशमै अध्ययन गर्ने वातावरण बनाउनसके विद्यार्थी पलायन रोक्न सकिने पनि बताउनुभयो।

सांसद प्रेम सुवालले मौलाउँदै गएको भ्रष्टाचारले सुशासन कायम हुन नसकेको भन्दै बेरुजु छानबिन स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्ने माग राख्नुभयो।

# समन्यायिक र समानुपातिक रूपमा बजेट विनियोजन गर्न माग

काठमाडौँ, २ जेठ (रासस)।
सांसदहरूले समन्यायिक र समानुपातिक रूपमा बजेट विनियोजन गर्न सरकारलाई सुझाव दिनुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथिको छलफलमा भाग लिँदै सांसदहरूले प्रभाव र पहुँचका आधारमा बजेट विनियोजन हुँदा नागरिकमा असन्तोष बढेको तर्क गर्नुभयो। छलफलमा भाग लिँदै सांसद प्रभु साहले नेपालको बजेट केही नेताहरूको निर्वाचन क्षेत्रमा मात्रै केन्द्रित भएकाले समन्यायिक विनियोजन गर्न माग गर्नुभयो। पहुँच नभएकाका क्षेत्रमा बजेट विनियोजन नहुने अवस्थाको अन्त्य गरेर समान वितरण गर्नुपर्ने उहाँको भनाइ छ।

सांसद अमरेशकुमार सिंहले बजेटमा राखिएका कार्यक्रम राम्रा भए पनि कहिल्यै कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्नुपर्ने बताउनुभयो। बजेटको असमान वितरणले मुलुकमा असन्तुष्टि बढ्दै गएकाले त्यसलाई ख्याल गर्न सांसद सिंहले आग्रह गर्नुभयो।

सांसद देवप्रसाद तिमिल्सिनाले गरिब जनताप्रति उत्तरदायी भएर बजेट ल्याउन आग्रह गर्नुभयो। उहाँले विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको प्रबन्ध गर्नुपर्नेमा जोड दिनुभयो। शिक्षा र स्वास्थ्यलाई सङ्घीय सरकार मातहत नै ल्याउनुपर्ने तर्क गर्दै उहाँले आत्मनिर्भरताका लागि कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने बताउनुभयो।

सांसद ज्वालाकुमारी साहले प्रदेशहरूमा भइरहेको भड्किलो खर्च नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो। विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्त स्वागतयोग्य आएको उल्लेख गर्दै उहाँले जनस्तरमा बढेको चासो र चिन्तालाई सम्बोधन गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद सन्तोष परियारले समातामूलक विकासलाई ख्याल गर्दै मानवीय आवश्यकता र स्थानीय मौलिकता तथा विशेषताका आधारमा तय गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने किसिमको बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद रामकुमार राईले विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तले मुलुकको आवश्यकता तथा जनचाहनालाई सम्बोधन गर्न नसकेको, नीति र कार्यक्रमबीच तालमेल मिल्न नसकेको टिप्पणी गर्नुभयो।

सांसद राजेन्द्र बजगाईंले बूढीगण्डकी जलविद्युत् आयोजनालाई तत्काल अगाडि बढाउन बजेट विनियोजन गर्न माग गर्नुभयो। उहाँले पहाडी बस्ती स्थानान्तरण गरेर विकास निर्माणको कामलाई थप विशिष्टिकृत गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद मिना तामाङले स्थानीय आधारमा योजना बनाएर स-साना कार्यक्रम अगाडि बढाएर अर्थोपार्जन गर्न सकिने भए पनि त्यसतर्फ सरकारले ध्यान नदिएको गुनासो गर्नुभयो।

# वीरगञ्ज भन्सारद्वारा १० महिनामा एक खर्ब ४० अर्ब राजस्व संकलन

वीरगञ्ज (पर्सा), २ जेठ (रासस)।
वीरगञ्ज भन्सार कार्यालयले चालु आवका १० महिनामा रु एक खर्ब ४० अर्ब ४२ करोड राजस्व सङ्कलन गरेको छ। कार्यालयले सो अवधिमा कुल वार्षिक लक्ष्यको ६४ दशमलव १३ प्रतिशत राजस्व सङ्कलन गरेको हो।

कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आर्थिक वर्षमा राजस्व सङ्कलनमा बढोत्तरी हुँदै आएको जानकारी दिनुभयो। “चालु आव सकिन अब दुई महिनामात्रै बाँकी छ”, उहाँले भन्नुभयो, “सो अवधिमा राजस्व सङ्कलनमा उल्लेखनीय सुधार हुने अपेक्षा गरेका छौँ।”

कार्यालयले साउनमा रु १२ अर्ब १५ करोड, भदौमा रु १३ अर्ब ४२ करोड, असोजमा रु१३ अर्ब ४७ करोड, कात्तिकमा रु ११ अर्ब १० करोड, मङ्सिरमा रु १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो। त्यस्तै पुसमा रु१५ अर्ब ४७ करोड, माघमा रु१४ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको थियो।

यस्तै फागुनमा रु १४ अर्ब ६३ करोड राजस्व सङ्कलन गरेको छ भने चैतमा भने रु१५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको छ। वैशाखमा भने रु १५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ। भन्सार विभागले कार्यालयका लागि वार्षिक रु दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ।

### *न्याय खोज्दा ...*

आक्रमण भएको सुरेन्द्रले बताए।

शुक्रबार नै संयुक्त राजनीतीक दलित संघर्ष समितीका संयोजक भुवनेश्वर रजकले पनि एक प्रेस विज्ञप्ती मार्फत घट्नाको सत्यतथ्य छानवीन तथा दोषीमाथी कारवाहीको माग गरेको छ।

यस सम्बन्धमा पीडक भनिएका अजय साह संग पटक/पटक सम्पर्कको प्रयास गर्दा पनि सम्पर्क हुन सकेन। यता प्रहरीले उक्त घटनाबारे अनुसन्धान भईरहेको तथा दोषी पाइएकालाई कानुन बमोजिम कारवाही गरिने जनाएको छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*